
# सिद्धिकाली मन्दिर परिसर, इनाय्को



सिद्धिकाली परिसर मध्यपुर थिमि नगरपालिका इनाय्को वडा नं ५ मा अवस्थित छ । ऐतिहासिक नगर थिमिबाट पूर्व बस्तिबाहिर रहेको यो परिसर थिमिको दोस्रो साँस्कृतिक केन्द्रहरुको रुपमा रहेको छ । यो अरनिको राजमार्ग खय्गुबाट झण्डै १००० मिटर उत्तर र पुरानो बाटो सिउचाक्वबाट २५० मिटर दक्षिणमा पर्दछ ।

सिद्धिकाली परिसरमा सिद्धिकालीको मन्दिरबाहेक अन्य विभिन्न सानाठूला मन्दिर, धारा, पाटी, चैत्य आदि रहेका छन् । मन्दिर परिसरको पश्चिमबाट दक्षिण हुँदै इनायको खोला बग्दछ । तर अहिले उक्त खोलालाई ठूलाठूला ह्यूम पाइप बिछ्याएर ढलमा परिणत गरिसकेको छ । मन्दिरको ठिक अघिल्तिर (दक्षिण) तीनतल्ले भजनपाटी सहितको सतल रहेको छ भने हालै मात्र सतलसँगै पूर्वतिर परिसर प्रवेशद्धारको निर्माण गरिएको छ । यसैगरी उक्त सतलको पश्चिमतिर केहि समय अघिमात्रै सतलमै टाँसेर सिद्धिकालीको लागि बलि दिने स्थानको व्यवस्था गरिएको छ र अहिले मन्दिर भित्र बली दिन निषेध गरिएको छ। मन्दिरको ठिक पूर्वतिर ढुंगेधारा र धारासँगै जोडेर पाटी निर्माण गरिएको र यस पाटीमा अहिले बशुन्धराको मूर्तिको स्थापना गरिएको छ। यस पाटीबाट पनि पूर्व चौतारा सहितको पुरानो पिपलको बोट रहेको छ जसलाई श्रद्धालुहरु नारायण भगवानको रुपमा पूजा गर्दछ । पिपलको बोटबाट उत्तरतिर अर्को पाटी र ढुंगेधारा रहेको छ भने पूर्वतिर नवनिर्मित शहस्त्रभुज लोकेश्वरको ठूलो मूर्ति स्थापना गरिएको छ । सिद्धिकाली मन्दिरबाट करीब १५० मिटर पूर्वमा इनाय्को ध्वाका (नगर प्रवेशद्धार) रहेको छ । मन्दिरको पछाडि ठीक उत्तरतिर तीनवटा महादेव मन्दिर र सरस्वतीको मन्दिर रहेको छ । यी मन्दिरहरुबाट उत्तरतिर परिसरको सिमानामा लामो पाटी बनाइएको छ । यसैगरी मन्दिरको ठीक पश्चिमतिर पाटी र घोलीनाग ढुंगेधारा रहेको छ भने मन्दिरको पर्खालमा टाँसेर भैरवको सानो मन्दिर बनाइएको छ। उक्त पाटीबाट उत्तर एवम् मन्दिरबाट उत्तर पश्चिम दिशामा सुमेरु चैत्य स्थापना गरिएको छ । यस पाटी भन्दा पश्चिमको स्थान (जहाँ अहिले विद्यालय संचालन गरिएको छ) स्थानमा पहिला चौर र पोखरी रहेको थियो ।

सिद्धिकाली मन्दिरबाट करीब १५० मिटर पश्चिममा इनायको खोला (जसलाई विष्णुगंगा पनि भनिन्छ ।) पारी भिंद्यो मन्दिर रहेको छ भने भिंद्योबाट पूर्वतिर खोलामा सुन्दर घाट (जसलाई भीमघाट पनि भनिन्छ ।) को समेत निर्माण गरिएको छ (अहिले यो घाट पनि हराइसकेको छ ) । भिंद्यःको पश्चिमतिर गोपालेश्वर महादेव मन्दिर र पूर्वतिर पाटी (जुन अहिले हराइसकेको छ ।) रहेको छ । यसैगरी यी मन्दिरहरुबाट दक्षिणमा ध्वंहिति नामको ढुंगेधारा समेत रहेको छ ।

सिद्धिकाली मन्दिर परिसरको दक्षिणतिर सानो डाँडो रहेको छ जसलाई कुतुंगः भनिन्छ । नेपालभाषामा कुतुंगःको शाब्दिक अर्थ कुतुं अर्थात् खसेको र गः अर्थात् सानो डाँडो अर्थात् सानो डाँडो भन्ने हुन्छ । रामायणकालमा हनुमानले संजिवनी बुटीयुक्त पहाड उचालेर लग्दै गर्दाको क्रममा एउटा सानो टुक्रा खसेर यो डाँडो बनेको भन्ने कथन रहेको छ ।

**क) ऐतिहासिक पृष्ठभूमि**

सिद्धिकालीको स्थापनाकाललाई पुष्टि गर्ने ठोस आधार फेला पार्न सकिएको छैन । यद्यपि थिमिको अष्टमातृका अन्तर्गत यस शक्तिपीठलाई चामुण्डाको रुपमा स्थापना गरिएको हुँदा यसको स्थापनाकाललाई बालकुमारी लगायत अन्य अष्टमातृका गणसँग जोडेर हेर्न सकिन्छ । मन्दिर र मन्दिर परिसरमा रहेका केहि शिलालेखहरु मध्ये कुनै खिइएर पढ्न नसकिने भएको र कुनैमा सम्वत् प्रष्ट उल्लेख नहुँदा ती सम्पदाहरुको कहिले निर्माण भएको भन्ने बारे यकिन गर्न सकिने अवस्था छैन । सिद्धिकाली मन्दिर अगाडिको सत्तलमा रहेको शिलालेख

अनुसार उक्त सत्तल नेसं ७९६ मा निर्माण भएको हो। यहिँ राखिएको अर्को शिलालेख अनुसार नेसं ८२२ मा भागिसिं, शिवहरि, मणिधर, रत्नदेव, चन्द्रमान, जयकृष्ण, धर्मसिं, गुरुभाद बज्राचार्य समुच्चयले चतुर्दशी सेवा संचालन गरी चपा (सत्तल) निर्माण गर्न लगाएको विवरण पाइन्छ। यसबाट उक्त सत्तल पटकपटक गरी निर्माण सम्पन्न गरेको देखिन्छ। सिद्धिकाली मन्दिरको पर्खालमा रहेको नेसं ९४९ को शिलालेखमा सिद्धिकालीमा "बुसाधलं" गर्ने गुथि राखेको भन्ने विविरण पाइन्छ। यसैगरी यस सिद्धिकालीको जात्रा गरिने प्रतिमा राख्नको लागि बनाइएको चपाचोस्थित सिद्धिकाली द्यःछेँको निर्माण नेसं ९१९ मा भएको कुरा त्यहाँस्थित शिलालेखबाट थाहा हुन्छ।

सिद्धिकाली मन्दिरसम्बन्धी चाखलाग्दो कुरा के भने यस शक्तिपीठलाई सिद्धिकाली भनेर अष्टमातृका गण अन्तर्गतको चामुण्डाको रुपमा लिइन्छ। सिद्धिकाली परिसर प्रवेशद्धार इनायक्व ध्वाकाको काठमा श्री चामुण्डाय नमः कुँदेको पाइएबाट यो अष्टमातृका गण मध्येको एक पीठ हो भन्ने प्रष्ट हुन्छ। मन्दिरभित्र उत्तरपश्चिम कुनामा आग्नेय कोणाभिमुख निराकार शिलाको रहेको छ भने भक्तजनहरुलाई यसै शिलालाई मूलरुपमा पूजा गर्ने गर्दछन्। यसको दायाँबायाँ मुसाको ढलौटको साना मूर्तिहरु राखिएको छ भने यसको सँगै दक्षिणाभिमुख गरेर गणेशको प्रस्तर मूर्ति स्थापना गरिएको छ। त्यसैगरी मन्दिरको तुलंको केन्द्रभागमा गणेशको मूर्ति राखिएको छ। यस बाहेक बिस्काजात्रामा खतजात्रामा रथारोहण गरिने मूर्ति पनि गणेश कै रहेको छ। यसबाट उक्त मन्दिरलाई सिद्धिकाली भनिए पनि स्थानीयले मूलतः गणेशको रुपमा पूजा गर्ने र बुझ्ने गरिएको थाहा हुन्छ। त्यसो हो भने चामुण्डाको लेख्नुको कारण के होला एवम् यसलाई किन सिद्धिकाली भनिएको होला अथवा उक्त चामुण्डा (सिद्धिकाली) शक्तिपीठ कहाँ छ भन्नेबारे अध्ययन गर्नुपर्ने देखिन्छ।

**ख) सांस्कृतिक महत्व**

चपाचोको नगरदेवता सिद्धिकाली मन्दिर रहेको यो परिसरको सांस्कृतिक महत्व उल्लेखनीय छ। यस परिसरको मूल आकर्षण र आस्था केन्द्र सिद्धिकालीलाई थिमिको अष्टमातृका अन्तर्गत चामुण्डाको रुपमा पूजा गरिन्छ भने मध्यपुर थिमिका दुई वटा भिन्द्यः मध्ये एक यसै परिसर भित्र स्थापित छ। थिमिका प्रजापति लगायतका केहि समुदायले सिद्धिकालीलाई नगरदेवताको रुपमा पूजा गर्ने गर्दछन्। हरेक चाडपर्व र संस्कारमा सिद्धिकालीको पूजा आराधना अनिवार्य मानिन्छ। यसैगरी थिमि क्षेत्रका समुदायहरु मूलतः श्रेष्ठ र प्रजापति समुदायहरुमा मेलबा (कयतापूजा वा व्रतवन्ध), जंको जस्ता शुभकार्यको समापनको दिन यस मन्दिरमा पुगेर विसर्जन पूजा गर्ने प्रचलन रहेको छ। यसबाहेक हरेकवर्षको माघ महिनामा यस परिसर भएर बग्ने इनायक्व खोलामा मुख धोएर माधः बनेगु (माधव नारायणको आराधना स्वरुप गरिने प्रभातफेरी) प्रचलन पनि यसै परिसरबाट प्रारम्भ हुन्छ।

गथांमुगःका दिन नगरका विभिन्न स्थानहरुमा गथांमुगःद्यः बनाइन्छ र यसलाई नजिकको खोला नदिमा लगेर सेलाइन्छ। कुटिंचिबाः, दिगुटोल, नासःननिको गरी ३ वटा गथामुगःलाई यसै परिसर भएर बग्ने इनायको खोलामा लगेर सेलाइन्छ।

मध्यपुर थिमिको प्रसिद्ध बिस्काजात्रा अन्तर्गत चपाचो क्षेत्रमा हुने जात्रा यिनै सिद्धिकालीको नेतृत्वमा सम्पन्न हुन्छ। मुलतः दुईसम्म चल्ने उक्त जात्राको पहिलो दिन (बैशाख १ गते) को जात्रा यसै परिसरबाट प्रारम्भ हुन्छ। यस दिन सिद्धिकाली गण अन्तर्गत रहेर जात्रा गरिने विभिन्न गणेशको खतलाई यस परिसरमा ल्याइन्छ र सिद्धिकालीको नेतृत्वमा थिमि चपाचो क्षेत्रमा जात्रा गरिन्छ। यसरी सिद्धिकाली परिसर एक महत्वपूर्ण साँस्कृतिक केन्द्रको रुपमा रहेको देखिन्छ। महान् चाड मोहनी नखःको अवसरमा यस मन्दिरबाट फूलपाटी थिमि लायक्‌मा भित्र्याइन्छ।

यस परिसरमा थिमिकै प्रमुख ऐतिहासिक सरस्वती मन्दिर रहेको छ। हरेकवर्ष श्रीपञ्चमीको दिन यस मन्दिरमा श्रद्धालु भक्तजनहरुको मेला लाग्दछ। यस दिन सानासाना नानीहरुलाई अक्षराम्भको लागि यहाँ ल्याएर सरस्वती मन्दिर वरपर क, ख लेखाउने वा लेख्न सिकाउने प्रचलन रहेको छ।

**ग) कलात्मक महत्व**

यस परिसरमा थिमिको अष्टमातृका मध्येको सिद्धिकाली (चामुण्डा) को मन्दिरको साथै विभिन्न देवीदेवताहरुको मूर्ति तथा मन्दिरहरुको स्थापना गरिएका छन्। यसबोहक परिसरभित्र सतल, पाटी, ढुंगेधारा, पोखरी, ध्वाकाजस्ता ऐतिहासिक सम्पदाहरु समेत रहेका छन्। दक्षिणाभिमुख सिद्धिकाली मन्दिरभित्र उत्तर पश्चिम कुनामा आग्नेय कोण फर्काएर निराकार शिलामूर्तिलाई सिद्धिकालीको स्थापना गरिएको छ। उक्त मूतिलाई स्वर्ण मतु लगाइएको छ। यसबाट उत्तर पुर्व पश्चिम दिशामा लहरै विभिन्न देविदेवताको रुपमा निराकार

शिलामूतिहरु स्थापना गरिएका छन् । मन्दिरको उत्तरी भित्तामा सताएर स्वर्ण ***छिफ्व***ःले ओढाइएको छ भने मन्दिरको सिलिंगबाट स्वर्णलेपन गरिएको तामाले निर्मित ***इलां*** ओढाइएको छ ।

दुईतले सिद्धिकाली मन्दिरको छानाहरु पितलका छन् । तीनतिर खुल्ला यस मन्दिरको पश्चिम र पूर्वी मोहडाको आधा भाग मात्रै कवलको रुपमा खुल्ला राखिएको छ । मन्दिरको मूलद्धार र पूर्वपश्चिमको कवलमा तुलँ ओढाइएको छ । तुलंको बीचमा १२ हाते गणेशको धातुको मूर्ति राखिएको छ भने यसको दायाँ बायाँ विभिन्न मुर्तिहरु राखिएका छन् । मन्दिरको छानालाई विभिन्न मुद्राका मूर्तिसहित निकै आकर्षक तुँडालहरुमा अड्याइएका छन् । दोस्रो छानामाथि कलात्मक छत्र ओढाइएको दायाँबायाँ स्वर्ण ध्वजा सहित आकर्षक स्वर्ण गजुर प्रतिस्थापन गरिएको छ । मन्दिरको मूलद्धारको दायाँबायाँ सिँहको प्रस्तर मूर्ति र चन्द्रसूर्य अंकित स्वर्णध्वजा रहेको छ । मन्दिर परिक्रमाको लागि करिब ३ फुट चौडा बाटो राखेर चारैतिर पर्खालले घेरेको छ जसको माथि बत्ती बाल्नको लागि प्रस्तरको दलू राखिएको छ भने पर्खालको भित्र पारेर ढलौटको अर्को चाकःमतः दलू पनि राखिएको छ । उक्त पर्खालमा मन्दिरको ठिक अघिल्तिर उक्त पर्खालमाथि मूलद्धारको दायाँबायाँ ढुंगाको खम्बामाथि घण्टा राखिएको छ । मन्दिरको पश्चिम दिशामा पर्खालमा सताएर भैरवको निकारार शिलामूर्ति रहेको छ ।

ठिक दक्षिणपट्टि पाटी सहितको तीनतले सतल रहेको छ । सिद्धिकाली मन्दिरको उत्तरतिर पश्चिमाभिमुख गुम्बज शैलीको सरस्वती मन्दिर छ भने सरस्वती मन्दिरको ठिक पछाडि पूर्वतिर दक्षिणाभिमुख र ठिक अघिल्तिर पश्चिममा चतुर्मुख महादेवको गजूर शैलीको मन्दिर रहेको छ । त्यसैगरी चतुर्मुख महादेवको दक्षिणमा महादेशको अर्को गजूर शैलीको मन्दिर रहेको छ । यी महादेव मन्दिरबाट करिब २० फिट पश्चिममा सुमेरु चैत्य स्थापना गरिएको छ । मन्दिर परिसरको उत्तरी सिमानामा लामो पाटीको निर्माण गरिएको छ । मन्दिर परिसरबाट पूर्व र पश्चिममा दुईवटा दक्षिणाभिमुख ढुंगेधाराहरु रहेको छन् भने ती धाराहरुसँग जोडिने गरी तीन कवलका पाटीहरु रहेका छन् । पूर्वमा रहेको यसै ढुंगेधारा र पाटीबाट पूर्वतिर चौतारा सहितको पिपलको ठूलो रुख रहेको छ जसलाई नारायण भगवानको रुपमा पूजा गर्ने गरिन्छ । पिपलबोटको ठिक उत्तरतिर दक्षिणाभिमुख अर्को ढुंगेधारा रहेको छ । यस ढुंगेधारा भएर नासननि जाने उकाको रहेको भने उकालोको सिरान तिर अर्को ढुंगेधारा र पाटी रहेको छ । सिद्धिकाली परिसरबाट करिब १५० मिटर पूर्वतिर नगर प्रवेशद्धारको रुपमा इनाय्को ध्वाका रहेको छ । यसैगरी यस परिसरबाट करिब १५० मिटर पश्चिमतिर अर्को परिसर रहेको छ । सिद्धिकाली मन्दिरबाट यस परिसर पुग्ने बाटोको दक्षिणतिर पूर्वाभिमुख ढुंगेधारा (ध्वं हिति) र बाटोबाट उत्तरतिर पूर्वाभिमुख भिमसेन मन्दिर रहेको छ । भिमसेन मन्दिरबाट पश्चिममा महादेव मन्दिर रहेको छ । भिमसेन मन्दिरको अगाडीबाट बग्ने इनायक्व खुचा पुग्न ईंटा र ढुंगाबाट घाट निर्माण गरिएको थियो । आज भन्दा ३५/४० वर्ष अगाडिसम्म उक्त घाट भएर कलकल पानी बग्दथ्यो भने नपाले ह्यूमपाइप बिछ्याएर खोलालाई ढलमा परिणत गरेपछि उक्त घाट र खोला मात्रै हराएन बरु यससँग जोडिएका संस्कार र संस्कृतिहरु समेत हराएको छ ।